"व्यावसायिक र सिर्जनशील प्रशासन, विकास र समृद्धिसहितको सुदृढीकृत ढोरपाटन"

# ढोरपाटन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बुर्तिवाङ, बागलुङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: ०८०/०८१

चलानी नं.:-

मितिः-

## नगर प्रहरी पदको खुला परीक्षाको विज्ञापन

**प्रथम पटक प्रकाशित मितिः २०८१/०३/११**

ढोरपाटन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बुर्तिबाङ बागलुङमा आवश्यकता भएका तपसिल बमोजिमका पदहरूमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले देहायबमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. **आवश्यक पद संख्याः-**

| विज्ञापन नं. | पद | पुरुष | महिला |
|---|---|---|---|
| ०४/८०-८१ | हवल्दार | १ | |
| ०५/८०-८१ | नगर प्रहरी जवान | २ | |
| ०६/८०-८१ | नगर प्रहरी जवान | - | १ |

२. दरखास्त फाराम दर्ता मिति २०८१/०३/११ गतेदेखि २०८१/०३/२५ गतेसम्म फाराम बुझाउन सकिनेछ ।

३. **दरखास्त फाराम प्राप्त तथा बुझाउने स्थानः-** ढोरपाटन नगरपालिका नगरकार्यपालिकाको कार्यालय, बुर्तिबाङ बागलुङ ।

४. **दरखास्त दस्तुरः-** रु.३००

५. **आवश्यक न्यूनतम योग्यताः-**

- नेपाली नागरिक ।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट हवल्दारका लागि एसईई वा सो सरह र प्रहरी जवानका लागि कक्षा ८ उत्तीर्ण गरेको ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
- राजनीतिक दलको सदस्य नरहेको ।
- कुनै विध्वंसात्मक क्रियाकलापमा संलग्न नभएको,
- भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त नभएको।

६. **पाठ्यक्रमः-** नेपाल प्रहरी सेवाको पाठ्यक्रम वा ढोरपाटन नगरपालिकाले तोकेबमोजिम पाठ्यक्रम अनुसार ।

७. **उमेरको हदः-** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।

८. **नेपाल प्रहरी वा नेपाली सेना सेवाबाट सेवा निवृत्ति भएका उम्मेद्वारलाई विशेष प्राथमिकता दिइनेछ ।**

९. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरूः-**

क) नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि-१(एक)प्रति

ख) हालसालै खिचेको पूरै मुखाकृति (दुवै कानसमेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो ५(पाँच प्रति)

ग) आफूले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति नेपालबाहिर अध्ययन गरेको हकमा समकक्षता निर्धारणको प्रमाणपत्र(Equivalent Certificate)पेश गर्नुपर्नेछ।

घ) दरखास्त फारामसँग संलग्न राखी पेश गर्ने कागजातहरूको प्रतिलिपिको स्वयमले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

ङ) मान्यता प्राप्त चिकित्सकबाट स्वास्थ्य परीक्षण गरी निरोगिताको प्रमाण पत्र ।

१०. **छनौट विधिः-** प्रारम्भिक स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती परीक्षा, लिखित परीक्षा र अन्तर्वार्ता ।

११. **सेवा सुविधाः-** नगर कार्यपालिकाले तोकेबमोजिम ।

१२. **कार्यक्षेत्र तथा कामको प्रकृतिः-** ढोरपाटन नगरपालिका नगर प्रहरी सम्बन्धी ऐन तथा कार्यविधि अनुसार ।

१३. **सम्पर्क मितिः- २०८१।०३।२८ गते**

१४. **परीक्षा मितिः- सम्पर्क मितिका दिन तोकिनेछ ।**

२०८१।३।११

**गणेश बहादुर रावल**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

www.dhorpatanmun.gov.np dhorpatanmunicipality10@gmail.com 068- 410180, 410181, नि.प्रमुख प्रशासकीय अधिकृत